Volume 2 2022
Nepal Public Policy Review

Policy Commentary
DOI:https://doi.org/10.3126/nppr.v2i1.48690

# नेपाली भाषा, कला र सांस्कृतिक सम्पदाको संरक्षण तथा विकास

**सत्यमोहन जोशी**[1*]

*1. Chancellor of the Nepal Bhasa Academy*

Manuscript Received: - Final Revision: - Published: 25 September, 2022

**सारांश**

नेपाली भाषा, कला र संस्कृतिको संरक्षण, संवर्द्धन र विकासका लागि निरन्तर रूपमा लागि रहनुभएका संस्कृतिविद् सत्यमोहन जोशीले नेपालको संस्कृति र सम्पदा संरक्षणमा अतुलनीय योगदान दिनुभएको छ। साथै उहाँको नेवारी भाषा र संस्कृति प्रवर्द्धनमा पनि महत्त्वपूर्ण योगदान छ। राष्ट्रिय संस्कृति नीति तर्जुमामा पनि विज्ञको रूपमा उहाँको महत्त्वपूर्ण योगदान छ।

**Keywords:** *सम्पदा संरक्षण, संस्कृति संरक्षण, कला संरक्षण, ऐतिहासिक सम्पदा संरक्षण*

* Corresponding author; S.M. Joshi

© Authors; Published by Nepal Public Policy Review and peer-review under the responsibility of Policy Research Institute Nepal. Licensed under CREATIVE-COMMONS license CC-BY-NC 4.0

## १. सम्पदको संरक्षणमा राष्ट्रिय संस्कृति नीति, २०६७ को महत्त्व

फाल्गुण ११, २०७४ मा 'राष्ट्रिय संस्कृति नीति, २०६७' परिमार्जन गर्ने प्रयोजनका लागि विज्ञ तथा सरोकारवालाहरूको बिचमा अन्तरक्रियात्मक कार्यक्रम गरिएको थियो । उक्त कार्यक्रममा म स्वयं पनि विज्ञको रूपमा सहभागिता भएको थिएँ । संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको संस्कृति महाशाखाले आयोजना गरेको उक्त कार्यक्रम (संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, २०७४) को मुख्य उद्देश्य भनेको राष्ट्रिय संस्कृति नीतिलाई परिमार्जन गरी सम्पदामैत्री बनाउनु थियो । राष्ट्रिय संस्कृति नीतिले सम्पदाको संरक्षणका लागि विभिन्न उद्देश्यहरू निर्धारण गरेको छ । सांस्कृतिक सम्पदाको महत्त्व दर्शाउँदै राष्ट्रिय संस्कृति नीति, २०६७ ले निर्धारण गरेको उद्देश्यको बुँदा नं. ७.५ मा भनिएको छ- "सांस्कृतिक सम्पदाहरूको संरक्षण र व्यवस्थापनका लागि उपयुक्त उपाय र प्रविधिहरूको पहिचान गर्ने, स्रोत, साधन र जनसहभागिता जुटाउने र तिनीहरूको उचित संरक्षण गरी भावी पुस्तालाई हस्तान्तरण गर्ने ।"



*चित्र १ः सत्यमोहन जोशीको निवासमा रहेको मायादेवीको मूर्ति*

त्यसैगरी, सोही नीतिको उद्देश्य अन्तर्गत बुँदा नं. ७.६ मा भनिएको छ- "राष्ट्रिय सांस्कृतिक सम्पदाहरूको उचित संरक्षण र व्यवस्थापन गरी राष्ट्रिय पहिचान र गौरव अभिवृद्धि गर्ने ।" राष्ट्रिय संस्कृति नीतिको उद्देश्य बमोजिम कला, संस्कृति, साहित्य लगायतका सम्पदाहरूको संरक्षण र सम्बर्द्धन गर्ने जिम्मेवारी अबको पुस्ताले गर्नुपर्दछ ।

देशलाई विश्व सामु चिनाउने सबैभन्दा महत्त्वपूर्ण आधार भनेकै हाम्रो संस्कृति, भाषा, साहित्य, कला, तथा सम्पदा हो । त्यसैले यसको संरक्षण गर्नु हाम्रो साझा दायित्व हो । हाम्रो सम्पदा भनेकै हाम्रो सम्पत्ति हो । यस्ता सम्पदाहरूको नाश भएपछि पुनः स्थापना गर्न प्रायः असम्भव हुन्छ । तिनीहरूको नाश हुनु भनेको सम्पूर्ण मानव सम्पदाहरूको नै नाश हुनु हो । त्यसर्थ, यी सम्पदाहरूको संरक्षण गर्न अति आवश्यक छ । यसमा राज्य स्वयंले चासो लिएर काम गर्न आवश्यक छ । हाम्रा ऐतिहासिक सम्पदाहरूको संरक्षण गर्न सकिएन भने हाम्रो पहिचान नै रहन्न । एक जना व्यक्तिकोभन्दा पनि यो राज्यको दायित्व हो ।

## २. राष्ट्रिय सांस्कृतिक तथा प्राकृतिक सम्पदादेखि विश्व सम्पदा सूचीसम्म

संयुक्त राष्ट्र सङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (युनेस्को)को विश्व सम्पदा समितिले संसारका विभिन्न सांस्कृतिक तथा पुरातात्विक सम्पदाहरूलाई विश्व सम्पदा महासन्धि अन्तर्गत विश्व सम्पदाको रूपमा सूचिकृत गरेको गर्दछ। नेपालका अहिले सम्म १९ वटा त्यसप्रकारका सांस्कृतिक तथा पुरातात्विक महत्त्व बोकेका सम्पदाहरूलाई युनेस्कोले विश्व सम्पदा सूचीमा सूचीकृत गरेको छ। उक्त सूचीमा समावेश भएका विभिन्न सम्पदाहरूमध्ये भगवान् बुद्धको जन्मस्थल लुम्बिनी पनि एक हो। पुरातात्विक प्रमाणका आधारमा बुद्धको जन्म आधुनिक नेपालको लुम्बिनीमा भएकै कारण युनेस्कोले लुम्बिनीको समग्र विकासको लागि गुरुयोजना तयार पारेको र लुम्बिनीलाई विश्व सम्पदा सूचीमा सूचीकृत गरेको हो। विश्व सम्पदा सूचीमा परेको सम्पदाको रक्षा गर्नु हाम्रो कर्तव्य हो। यही कर्तव्यलाई मनन् गर्दै म स्वयंले पनि लुम्बिनी सम्पदाको संरक्षणका लागि धेरै कामहरू गरेको छु। पुरातत्व तथा संस्कृति विभागको निर्देशकको रूपमा कार्यरत रहँदा लुम्बिनी क्षेत्रको ऐतिहासिक महत्त्वलाई ध्यामा राखेर उत्खनन् गर्ने योजना बनाएको थिएँ। सोही योजना अनुसार लुम्बिनी क्षेत्रमा उत्खनन् भएको थियो (प्रधान, २०७६)।


लुम्बिनीसँग गाँसिएको अर्को सम्पदा भनेको मायादेवीको मूर्ति तथा पीपलको वृक्षसँग सम्बन्धित छ। अहिले मायादेवीको मूर्तिको मौलिक अवशेष राष्ट्रिय सङ्ग्रहालय छाउनीमा रहेको छ। उक्त मूर्तिको मौलिकता र वास्तविकता नाश हुन नदिन मैले मेरै पहलबाट मूर्तिको पुनर्संरचनाको लागि नेपाल सरकार र सरोकारवाला निकायलाई अनुरोध गरेको थिएँ। तत् पश्चात् विभिन्न विज्ञहरूले लामो अनुसन्धान गरेपछि मात्र मायादेवीको हालको प्रतिकृति बनेको छ, जुन वास्तविक मूर्तिको प्रतिकृति हो। प्रतिकृतिले विनाशको संहारमा पुगेका सम्पदाको मौलिकता जोगाउन मद्दत गर्दछ।

नेपाली सम्पदाको खोज तथा संरक्षणसँग सम्बन्धित केही अवशेषहरू मैले मेरो आफ्नै निवासमा पनि राखेको छु। मायादेवीको प्रतिकृति मूर्तिलाई व्यक्तिगत रूपमै संरक्षण गर्नुपर्छ भन्ने उद्देश्यले मेरै घरको आङ्गनमा प्रतिस्थापन गरेको छु (हेर्नुहोस् चित्र- १)। यो मूर्ति पनि सामान्य नभएर ऐतिहासिक महत्त्व बोकेको तथा विश्व सम्पदा सूचीमा सूचीकृत मूर्ति हो। यस्ता ऐतिहासिक महत्त्व बोकेका सम्पदाहरूको रक्षा गर्नु देशको मात्र नभएर प्रत्येक नेपालीको कर्तव्य हो। संरक्षण गर्नु भनेको अवशेषलाई मात्र होइन त्यसको वास्तविक पहिचान जोगाउनु पनि हो। विश्व सम्पदा सूचीमा सूचिकृत सम्पदाको संरक्षण गर्नु नेपालको अन्तर्राष्ट्रिय दायित्व पनि हो। किनकी, विश्व सम्पदा सूचीमा सूचिकृत सम्पदा कुनै एक देशको मात्रै नभएर विश्वकै सम्पदा हुन्।

संम्पदा संरक्षणको विषयलाई नेपालको संविधानले पनि प्राथमिकतामा राखेको छ। संविधानको धारा ५१ को उपधारा ग को (६) मा भनिएको छ- "देशको सांस्कृतिक विविधता कायम राख्दै समानता एवं सहअस्तित्वका आधारमा विभिन्न जातजाति र समुदायको भाषा, लिपि, संस्कृति, साहित्य, कला, चलचित्र र सम्पदाको संरक्षण र विकास गर्ने" भनेर उल्लेख गरिएको छ। त्यसैले सम्पदाको संरक्षण गर्नु हरेक नेपाली तथा साज्यकै संवैधानिक दायित्व हो। तर, हामीकहाँ यो चेतनाको अभाव र सम्पदाको महत्त्व नबुझेका कारण सम्पदा संरक्षणमा खासे चासो पुग्न सकेको छैन।

बुद्धको जन्मस्थल लुम्बिनीसँग सम्बन्धित अनेकौं सम्पदाहरू छन् । त्यस्ता विभिन्न सम्पदामध्ये अर्को हो- लुम्बिनीमा भएको पिपल वृक्ष । उक्त पिपलको वृक्ष अनायास (अकारण) काटिएको फेला परेको थियो । ऐतिहासिक सम्पदाको रूपमा रहेको पिपलको वृक्ष काटिनुमा लुम्बिनी विकास कोष जस्ता संस्थाहरू जवाफदेही हुनुपर्ने हो । तर, उक्त पिपल कस्ले काट्यो भन्ने कुरा पत्ता लगाउन सकिएन । युनेस्को जस्ता राष्ट्र सङ्घीय निकायहरूले पनि लुम्बिनी जस्तो विश्व सम्पदा सूचीमा परेको क्षेत्रमा भएका त्यो घटनाको दोषी (कसले किन काटेको) को हो भन्ने कुरा पत्ता लगाउन नसकेकोले मलाई निकै दुःखी बनाएको छ । यस्ता विषयमा नेपाल सरकारले पनि ध्यान दिनुपर्दछ ।

यद्यपि, म लगायत अन्य व्यक्तिको अथक प्रयासबाट उक्त पिपलको बोटको तन्तु प्रविधि (Tissue Culture) मार्फत पिपलका विरुवा पुनर्उत्पादन गराएको हो । तन्तु प्रविधिबाट पुनर्उत्पादन गरिएका विरुवालाई लुम्बिनी लगायत नेपालकै विभिन्न ठाउँमा लगेर रोपिएको छ । लुम्बिनीको उक्त पिपलको बोटको नश्ल रक्षार्थ तन्तु प्रविधिबाट कसरी विरुवा पुनर्उत्पादन गरियो भन्ने कुराको विस्तृत विवरण चित्र- २ मा समावेश गरिएको छ ।


**Legend of the**
**Legendary Peepal Tree**
**(Bodhi Brikshya)**

At Lumbini, the Birthplace of Lord Buddha, when the construction work of the new Mayadevi Temple was begun, the old Mayadevi Temple was demolished along with the old peepal tree (Ficus religiosa).

In July 1997 Nepal Biotech Nursery (NBN) was given responsibility of propagating that peepal tree by IUCN (World Conservation Union). Because the peepal tree is widely regarded as the symbol of spirituality and it has its own history linked with Mayadevi (the Mother of Lord Buddha) temple.

So, after receiving the mother stock of the plant (the peepal tree), Nepal Biotech Nursery (NBN) initiated the tissue culture successfully and released it.

We are very grateful to the Nepal Biotech Nursery to receive the seedling of the peepal tree. We took special care to propagate the valuable plant so that the heritage is not lost or destroyed.

In Nepal we have a traditional belief that art in the form of a religious figure always possesses divine soul when we perform certain prescribed rituals. So, to-day (Monday, 2nd May 2016 AD) we are glorified to perform such religious prescribed rituals in the presence of our distinguished devotees of Karuna Bihar, Matatirtha, Kathmandu.

We have firm belief that such colourful religious gathering will be of great value to propagate peace and friendship among us.

We are very thankful to the Venerable Bhikkhu Mangala and the most energetic friend (kalyanmitra) H.K. Bijay Awale for their praiseworthy support and co-ordination.

Little Monastery of
Paravata Vihar
Bakhumbahal, Lalitpur Metopolitan City
Lalitpur-12, Nepal

*चित्र- २ः तन्तु प्रविधिक सम्बन्धी विस्तृत जानकारी ।*

> *केशरबहादुर आचार्यको “सम्झनाहरू” नामक पुस्तकमा उल्लेख गरिए अनुसार संस्कृतिविद् सत्यमोहन जोशीको घरछेउको पिपलको बोट वि. स. २०५८ सालमा स्वयं केशरबहादुर आचार्यले जोशीलाई उपहारमा दिनुभएको थियो । उक्त पिपलको बोट लुम्बिनीको मायादेवी मन्दिरमा उम्रेको ठुलो पिपलको वृक्षकै अवशेष हो । आचार्यको पुस्तकमा पनि उक्त रूखको एक टुक्रा काठमाडौंमा ल्याएर तन्तु प्रविधिबाट हजारौं बिरुवा उत्पादन गरेको र वि.सं. २०५८ को वैशाख पूर्णिमाका दिन (२४ गते) लुम्बिनीका सबै मन्दिर, गुम्बा, चैत्य तथा होटलहरूमा उक्त पिपलका सयौं बिरुवा वितरण गरेको उल्लेख छ (श्रेष्ठ, २०७६) ।*

## ३. निष्कर्ष तथा नीति सुझाव

ऐतिहासिक सम्पदाहरू भनेका देशका पहिचान हुन् । बुद्धसँग सम्बन्धित ऐतिहासिक सम्पदाहरूले ऐतिहासिक विषयको ज्ञानका दिलाउनुका साथसाथै नेपाललाई संसारमा चिनाउने काम पनि गरिरहेका छन् । युनेस्कोको विश्व सम्पदा सूचीमा सूचीकृत नेपालका १९ वटा सम्पदाले नेपाललाई अन्तर्राष्ट्रिय जगतमा पहिचान गराउन महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । विश्व सम्पदा सूचीमा सूचीकृत भएका नेपाली सम्पदाहरू केवल नेपालका मात्रै होइनन्, यी संसारकै साझा सम्पत्ति हुन् । त्यसकारण, कला, संस्कृति, भाषा, सम्पदा लगायतका नेपाली मौलिकताको संरक्षण तथा सम्बर्द्धन गर्नु सरकारको मात्रै होइन आम नागरिकको पनि कर्तव्य हो । सम्पदाको

संरक्षणको सवालमा मुख्य जवाफदेही चाहिँ सम्बद्ध निकाय नै हुन जरुरी छ। सम्बद्ध निकायले अग्रसरता नलिने हो भने यस्ता सम्पदाको हानी नोक्सानी तथा अवैध व्यापारलाई रोक्न सकिन्न । ऐतिहासिक सम्पदाको संरक्षणका लागि नीतिगत सुधार गर्नुपर्ने विषय-

१) विश्व सम्पदा सूचीमा परेका नेपालका ऐतिहासिक सम्पदा संरक्षणको लागि जिम्मेवार निकायलाई त्यस्ता सम्पदाको चोरी तथा नोक्सनी भएमा जवाफदेही बनाउनु पर्ने ।

२) विश्व सम्पदा सूचीमा परेका सम्पदाहरूको संरक्षणसहित त्यस्ता सम्पदाको मौलिकता र वास्तविकता जोगाउने सन्दर्भमा "प्राचिन स्मारक ऐन, २०१३" मा भएको व्यवस्थालाई कडाइकासाथ कार्यान्वयन गर्नुपर्ने ।

## लेखकको सङ्क्षिप्त परिचय

संस्कृतिविद् सत्यमोहन जोशी वि. सं. १९७७ साल वैशाखमा ललितपुर जिल्लाको बखुम्बहालमा जन्मनुभएको हो। त्रिचन्द्र कलेजबाट स्नातक तहसम्मको अध्ययन पूरा गर्नुभएका जोशी वि.सं. २०१५ सालमा पुरातत्व तथा संस्कृति विभागको पहिलो निर्देशक बन्नुभएको थियो । नेपाली भाषा, कला र संस्कृतिको संरक्षण, संवर्द्धन र विकासका लागि संस्कृतिविद् जोशी निरन्तर रूपमा लागि रहनुभएको छ । उहाँले कदर स्वरूप विभिन्न मानपदवी पाउनु भएको छ। संस्कृतिविद् जोशी साहित्यकार पनि हुनुहुन्छ जसले तीन-तीन पटक मदन पुरस्कार प्राप्त गर्नुभएको छ। संस्कृतिविद् जोशीद्वारा लिखित ७० भन्दा बढी पुस्तकहरू प्रकाशित भइसकेका छन्। एक सय वर्षमा प्रवेश गरेको अवसरमा वि. सं. २०७६ वैशाख ३० गतेका दिन उहालाई शताब्दी पुरुष घोषणा गरिएको थियो ।

## सम्पादित आलेखका सम्बन्धमा

नेपालको आर्थिक, सामाजिक, राजनीतिक, कला, संस्कृति, साहित्य, भाषा, ऐतिहासिक सम्पदा लगायत विविध विधामा विशेष योगदान पुऱ्याएका विशिष्ट व्यक्तिहरूको विचार तथा सुझावलाई सार्वजनिक हितका लागि Nepal Public Policy Review जर्नल मार्फत प्रकाशन गर्ने Nepal Public Policy Review जर्नको सम्पादक मण्डलले निर्णय गरेको छ। सोही नीति अनुरूप नेपालका ऐतिहासिक सम्पदाहरूको संरक्षणको विषयमा संस्कृतिविद् सत्यमोहन जोशीको विचारलाई समावेश गरिएको छ। जोशीको यो सम्पादित आलेख १८ भाद्र २०७९ मा उहाँकै निबासमा गरिएको कुराकानीको आधारमा नीति अनुसन्धान प्रतिष्ठाकी अनुसन्धानकर्ता ***डा. सर्मीला तण्डुकार***ले तयार पार्नुभएको हो ।

## सन्दर्भ सामाग्री

संस्कृति पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय (२०७४) । तस्बिर-राष्ट्रिय संस्कृति नीति, २०६७ परिमार्जन सम्बन्धमा अन्तरक्रिया । https://www.tourism.gov.np/pages/news/13/248

श्रेष्ठ, तीर्थबहादुर (२०७६) । शताब्दी पुरुष सत्यमोहन जोशी एक चिनारी । https://shikshakmasik.com/3754/

प्रधान, ऋद्धिबाबा (२०७६) । वाङ्मय शताब्दीपुरुष श्री सत्यमोहन जोशीः पुरातत्व र संस्कृति । प्रेम कुमार खत्री (सम्पा.) वाङ्मय शताब्दीपुरुष डा. सत्यमोहन जोशी विशेषाङ्क । पाटन सङ्ग्रहालय विकास समिति । पहिलो अध्याय, पाटन सङ्ग्रहालय विकास समिति, पाटन दरबार, ललितपुर ।